कोशी प्रदेश सरकार

# पर्यटन, वन तथा वातावरण मन्त्रालय

विराटनगर, नेपाल

प.सं.

च.नं.

## घर भाडामा लिने सम्बन्धी सार्वजनिक सूचना ।

<u>प्रथम पटक प्रकाशित मितिः २०८३/०१/१६</u>

यस पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश बिराटनगरका वातावरण तथा जलवायू परिवर्तन महाशाखाका महाशाखा प्रमुखका लागि आवास प्रयोजनका लागि तपसिलमा उल्लेख भए बमोजिमको घर भाडामा लिनुपर्ने भएकोले सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को दफा २४(९) अनुसार घर भाडामा लगाउन ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा दरखास्त पेश गर्नको लागि सम्बन्धित सबैका लागि सूचना प्रकाशन गरिएको छ।

<u>तपशिलः</u>

१. घरभाडा लिन चाहेको मन्त्रालयः पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगर।

२. घर आवश्यक भएको क्षेत्रः पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट १ कि.मि.को परिधि भित्र।

३. भाडामा लिन खोजेको घर जग्गाको प्रकृतिः

(क) आर सि सि ढलान भएको पक्की घर,

(ख) कम्तिमा १ फ्लाट (फ्लाटमा २ शयन कक्ष, १ भान्सा कोठा भएको हुनुपर्ने),

(ग) विद्युत, पानी, शौचालय, ढल निकासको राम्रो प्रबन्ध भएको,

(घ) कम्पाउण्ड वाल लगाएको।

(ङ) कम्तिमा १ वटा चार चक्के र २ वटा दुई चक्के सवारी साधन पार्किङको लागि पर्याप्त ठाँउ भएको।

(च) घरसम्म पुग्ने पक्की सडक सुविधा भएको।

४. मासिक घर भाडा रकम कर सहित अधिकतम रु. १५,०००/- (पन्ध्र हजार रुपैया मात्र)

५. घर, जग्गाधनीले प्रस्ताव पेश गर्ने तरिका र प्रस्ताव साथ पेश गर्नु पर्ने न्यूनतम विवरणः

(क) घर भाडामा दिने सम्बन्धी मासिक भाडा दर उल्लेख भएको निवेदन,

(ख) घरधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

(ग) घरधनीको जग्गाधनी प्रमाण पुर्जा, घर निर्माण सम्पन्न तथा नक्सापास प्रमाणपत्र,

(घ) चालु आ.व. को एकिकृत सम्पति कर चुक्ताको विवरण,

(ङ) अन्य आवश्यक कागजात।

६. घर भाडा भुक्तानीका शर्तहरु र करकट्टीको बिषयः

(क) घरभाडा मासिक रुपमा बैंक खातामा नियमानुसार करकट्टी गरी मात्र उपलब्ध हुनेछ।

(ख) अन्य पालना गर्नुपर्ने शर्तहरु दुई पक्षिय सम्झौता (करारनामा) गरी गरिनेछ।

७. घरभाडा लिने वा नलिने सम्बन्धमा अन्तिम निर्णय यस मन्त्रालयको हुनेछ।

८. प्रस्ताव दाखिला गर्नुपर्ने स्थानः

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगर।

*कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान।*